गण्डकी प्रदेश सरकार

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

# खेलकुद मैदान मर्मत सम्भार कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने बारे सूचना

*(प्रथम पटक प्रकाशन मिति:२०८०/१२/१६ गते)*

यस मन्त्रालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमहरू मध्ये खेलकुद मैदान मर्मत सम्भार कार्यक्रमलाई यस मन्त्रालयबाट स्वीकृत युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड-२०८० अनुसार कार्यान्वयन गर्नुपर्ने भएकाले मान्यता प्राप्त युवा क्लब, विद्यालय वा खेलकुदसँग सम्बन्धित संघ/सँस्थाहरूले तपसिलका कागजात सहित मिति २०८०/१२/२६ गते सम्म यस मन्त्रालयमा वा जिल्लास्थित सामाजिक विकास कार्यालयहरूमा अनुसूची-१७ अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

१. सम्बन्धित पालिका वा वडाका प्राविधिकहरूले तयार पारेको लागत अनुमान
(यसरी लागत अनुमान तयार पार्दा; सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशबाट विनियोजन भएको रकम, लागत इस्टिमेटको कम्तिमा १० प्रतिशत रकम सम्बन्धित निकाय/सँस्थाबाट साझेदारी भएको र कन्टिन्जेन्सी रकम ४ प्रतिशत देखिने गरी तयार पारेको हुनुपर्नेछ । साथै लागत इष्टिमेटमा प्राविधिकको नाम, हस्ताक्षर र कार्यरत कार्यालयको छाप अनिवार्य हुनुपर्नेछ ।)

२. सम्बन्धित पालिकाको दर विश्लेषण (Rate Analysis)

३. खेलमैदानको जग्गामा कुनै व्यक्तिको हकभोग नरहेको भन्ने स्थानीय तह/वडाको सिफारिस

४. निर्माण/उपभोक्ता समिति गठन, अनुगमन समिति गठन, खाता संचालन र सम्झौता गर्ने व्यक्तिका सम्बन्धमा भेला/क्लव वा विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयका प्रमाणित प्रतिलिपिहरू
नोट: उपभोक्ता/निर्माण समिति ७ सदस्यीय र अनुगमन समिति ३ सदस्यीय हुनु आवश्यक छ । साथै समितिहरू गठन गर्दा जनप्रतिनिधिको समेत उपस्थिति गराउनु पर्नेछ ।

५. समितिका सदस्य र पदाधिकारीहरूको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू

६. अनुसूची-२१ बमोजिमको स्वघोषणा पत्र ।

**पुनश्च:**

- "खेलमैदान मर्मत सम्भार कार्यक्रम" अन्तरगत छनौट भएका योजनाहरूलाई प्रदान गरिने रकम एक योजनाका लागि २ लाख ५० हजार रुपैयाँ भन्दा बढी हुनेछैन ।

यस सूचना अनुसार भर्नुपर्ने अनुसूची-१७ र अनुसूची-२१ यस मन्त्रालयको Website: mosd.gandaki.gov.np मा राखिएको युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड-२०८० बाट Download गर्न सकिनेछ ।

**थप जानकारीको लागि:**
मन्त्रालयको सम्पर्क नं. ०६१-५९०२४२
०६१-५९०२४३